प्रधानाध्यापक सक्षमता प्रारूप, २०८०

१ पृष्ठभूमि

विद्यालय सफल र प्रभावकारी हुनु वा नहुनुलाई त्यहाँ पढ्ने विद्यार्थीको भविष्यसँग गाँसेर हेर्न सकिन्छ । विद्यालयको प्रभावकारिता बढाउनेतर्फको प्रयत्न भनेको विद्यार्थीको भविष्य निर्माणका निमित्त गरिएको प्रयत्न हो । विद्यालय प्रभावकारितासम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा भएका प्रायः सबै अध्ययनले प्रधानाध्यापक(प्रअ)को भूमिका महत्त्वपूर्ण रहने देखाएका छन् । शिक्षकको प्रभावकारिताले विद्यार्थीको सिकाइमा प्रभाव पार्ने मानिन्छ । विद्यालय विकासको भविष्यपरक सोचको निर्माणदेखि विद्यालयमा उपलब्ध शिक्षकको परिचालन र विकास, शिक्षक सहयोग र विकासमा प्रधानाध्यापकको भूमिका हुन्छ । यसका साथै उत्तरदायित्वको प्रबन्धलगायत स्रोतको बन्दोबस्त र कुशलतम उपयोगजस्ता पक्षमा प्रअले निर्वाह गर्नसक्ने भूमिकालाई ध्यानमा राख्दा प्रधानाध्यापकको सक्षमता र विद्यालयको सफलताबिच अन्योन्याश्रित सम्बन्ध रहेको देखिन्छ ।

प्रअको भूमिकालाई सफलतापूर्वक निर्वाह गर्न आवश्यक पर्ने सक्षमताका क्षेत्र पहिचान, हरेक क्षेत्रमा आवश्यक सक्षमता पहिचान र प्रअको पेसागत विकासको चरणअनुरूप अपेक्षित कार्यस्तरको उल्लेख गर्न सकेमा त्यसबाट प्रअको विकास, परिचालन तथा मूल्याङ्कन कार्यलाई आधार प्रदान हुने देखिन्छ । यस तथ्यलाई मनन गरी नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले यो सक्षमताको प्रारूप विकास र स्वीकृत गरेको छ ।

२ प्रारूपको परिचय

यस प्रारूपलाई विभिन्न सात क्षेत्रअन्तर्गत सूत्रबद्ध गरिएको छ । हरेक क्षेत्रमा सक्षमताका मापदण्ड तयार गरिएका छन् । ती मापदण्डअन्तर्गत प्रअको पेसागत विकासको अवस्था र स्तर मापन गर्न सकिने गरी सूचक समेत विकास गरिएका छन् । यस प्रारूपमा विद्यालयको रणनीतिक दिशा निर्माण, शिक्षण तथा सिकाइको नेतृत्व, विद्यालय व्यवस्थापन, पेसागत विकास, सरोकारवालासँगको संलग्नता र सहकार्य, परिवर्तन तथा नवप्रवर्तनको नेतृत्व र सफलतापूर्वक कार्य सम्पादन गर्न आवश्यक वैयक्तिक गुणका साथै सामाजिक र अन्तरवैयक्तिक सिपजस्ता क्षेत्र समावेश गरिएका छन् । यी सात क्षेत्रमा कुल ४६ सूचक समावेश गरिएका छन् ।

सक्षमतालाई प्रस्तुत गर्दा सम्बन्धित क्षेत्रको ज्ञान र बुझाइ तथा मान्यता र सिपको समग्रतामा हेर्न खोजिएको छ । प्रअको सक्षमता स्थिर रहने विषय नभई पेसागत विकाससँगै परिष्करण हुन्छ भन्ने मान्यतालाई अङ्गीकार गरिएको छ । यसअनुसार प्रअको जिम्मेवारी भर्खर लिएका नवप्रवेशी प्रअले अनुभव, अध्ययन र प्रयत्नमार्फत आफूमा सो सक्षमतामा निखार ल्याउँदै उन्नत अवस्थामा पुग्न र समग्रमा पेसागत उन्नयनमा योगदान दिन सक्छन् भन्ने मान्यताले यस प्रारूपको विकास गरिएको छ ।

प्रारूपको उद्देश्य र उपयोग

यस प्रारूपको उद्देश्यलाई तीन तहमा हेर्न सकिन्छः (क) पहिलो तहमा पेसागत विकास र तयारी; (ख) दोस्रो तहमा सो सक्षमताको व्यवहारमा अभ्यास र विद्यालय व्यवस्थापनमा सुधार, र (ग) अन्तमा विद्यालय प्रभावकारितामा सुधार तथा विद्यार्थी उपलब्धिमा अपेक्षित सुधार

यस प्रारूपको सफल कार्यान्वयनबाट पहिलो तहको उद्देश्य प्राप्ति हुन सक्छ । दोस्रो तहको उद्देश्य प्राप्तिका निमित्त विद्यालयमा आवश्यक सहयोगी वातावरण तयार गर्ने कार्य पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । तेस्रो तहको उद्देश्यका प्राप्तिका निमित्त विद्यालयभित्रको सहयोगी वातावरणका साथै अन्य नीतिगत र कार्यक्रमिक सामञ्जस्य महत्त्वपूर्ण हुन सक्छ ।

यस प्रारूपको प्रयोग निम्नलिखित सन्दर्भमा हुन सक्ने देखिन्छः

प्रअ तयारीका निमित्त कार्यक्रम तयार गर्दा यस प्रारूपलाई आधार मान्न सकिने छ ।

प्रअको छनोट गर्दा कार्यविवरण तयार गर्ने सन्दर्भमा यसलाई सन्दर्भ सामग्रीका रूपमा उपयोग गर्न सकिने छ ।

कार्यरत प्रअले आफनो स्वमूल्याङ्कन गर्ने तथा कार्यसम्पादन मूल्याङ्कनका सन्दर्भमा यसलाई उपयोग गर्न सकिने छ ।

प्रअको पेसागत विकासका कार्यक्रमको तयार गर्ने सन्दर्भमा यसले महत्त्वपूर्ण आधार प्रदान गर्न सक्ने देखिन्छ ।

प्रारूपको प्रस्तुति

प्रारूपको कार्यान्वयन व्यवस्था

यस प्रारूपले माथि खण्ड तीनमा उल्लेख भएअनुसार विभिन्न सन्दर्भमा निर्णय लिनुपर्दा मार्गदर्शन प्रदान गर्ने छ । यसको कार्यान्वयनका लागि अलग्गै संरचना आवश्यक पर्दैन । मूलतः पेसागत तयारीका सन्दर्भमा उच्चशिक्षा संस्था तथा इन्स्टिट्च्युट, परिचालन र मूल्याङ्कनका निमित्त व्यवस्थापनका सम्बन्धित संरचना, पेसागत उन्नयन र प्रवर्द्धनका निमित्त सम्बन्धित पेसागत सङ्घ, सङ्गठनले नै यस प्रारूपको कार्यान्वयन गर्ने हुन् । सफल र प्रभावकारी कार्यान्वयनका निमित्त साझा बुझाइ निर्माण हुन जरुरी छ । यसका निमित्त यसको प्रबोधीकरण र सञ्चार महत्त्वपूर्ण हुन्छ र सम्बन्धित सबै क्षेत्रबाट यस दिशामा जिम्मेवारी बोध हुने अपेक्षा गरिएको छ ।

सक्षमताका क्षेत्र तथा मापदण्ड	**तहगत अवस्था**			
	तह १ : आधारभूत जानकारी भएको	**तह 2 : बुझाइ र अभ्यास विकास हुँदै गरेको**	**तह 3 : उन्नत तहको अभ्यास गर्दै गरेको**	**तह ४ : उच्चतम दक्षता प्रदर्शन गरेको**
क्षेत्र १ : विद्यालयको रणनीतिक दिशा निर्माण				
विद्यालय शिक्षासम्बन्धी विद्यमान योजना र नीतिको ज्ञान तथा बुझाइको प्रदर्शन	• शिक्षाका सान्दर्भिक नीति र योजनाका बारेमा जानकार रहेको	• शिक्षासम्बन्धी विद्यमान नीति, संवैधानिक एवम् कानुनी दायित्व र स्थानीय आवश्यकताका सम्बन्धमा राम्रो बुझाइ रहेको	• विद्यालयको आवश्यकताबमोजिम बृहत् शैक्षिक रणनीतिको निर्माण गरेको	• शिक्षासम्बन्धी विद्यमान योजना तथा नीति विद्यालयको नीति र योजनमा समावेश गरेको • प्रधानाध्यापकको शिक्षासम्बन्धी बृहत् सोच विद्यालयको योजना र अभ्यासमा रूपान्तरण गरेको
विद्यालय प्रभावकारिताको अभिवृद्धिका लागि यथार्थपरक विद्यालय सुधार योजना तयार गर्न सरोकारवालासँग सहकार्य	• विद्यालय सुधार योजनाको आवश्यकता महसुस गरेको • विद्यालय सुधार योजनाका आधारभूत सर्तहरूका बारेमा जानकार रहेको	• विद्यालय सुधार योजना निर्माणमा सहकार्यको महत्त्व बुझी सोको अभ्यास गरेको • विद्यालय सुधार योजनाका माध्यबाट शिक्षणसिकाइमा कसरी	• विद्यालय सुधार योजनामा सफलताका आधार समाविष्ट गरेको • शिक्षक र अन्य सरोकारवालासँगको सहकार्यमा योजना-	• योजनामा अध्ययन, अनुसन्धान एवम् अनुगमनबाट प्राप्त तथ्याङ्क र प्रमाणको उपयोग गरेको

सक्षमताका क्षेत्र तथा मापदण्ड	तहगत अवस्था			
	तह १ : आधारभूत जानकारी भएको	तह 2 : बुझाइ र अभ्यास विकास हुँदै गरेको	तह 3 : उन्नत तहको अभ्यास गर्दै गरेको	तह ४ : उच्चतम दक्षता प्रदर्शन गरेको
	•	सुधार गर्न सकिन्छ भन्ने बारेमा बुझेको	कार्यान्वयन-समीक्षा चक्रको कार्यान्वयन गरेको	• योजनाको सफल कार्यान्वयनबाट विद्यार्थीहरूको सिकाइ तथा विकासका आयाममा सुधार गरेको
योजना कार्यान्वयनको नेतृत्व	• विद्यार्थी, अभिभावक, समुदाय, विद्यालय व्यवस्थापन समिति र सङ्घीय, प्रदेश तथा स्थानीय सरकारप्रति रहेका जवाफदेह ीका बारेमा जानकार रहेको	• विद्यालय सुधार योजना कार्यान्वयनमा शिक्षक र विद्यालय व्यवस्थापन समितिका सदस्यलाई संलग्न गराएको • विद्यालय सुधार योजनामा अनुगमनबाट प्राप्त प्रमाणको उपयोग गरेको	• शिक्षक र विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापक र अन्य शिक्षकबाट विद्यालय सुधार योजनाको प्रगतिसम्बन्धी अद्यावधिक विवरण हासिल गरेको	• योजनाको मूल्याङ्कन र अनुगमनमा शिक्षक र विद्यालय व्यवस्थापन समितिका सदस्यको सक्रिय सहभागिता रहेको
विद्यालयको दूरदृष्टि र लक्ष्यअनुरूप हुने गरी क्रियाकलाप सञ्चालन गर्न विद्यालय परिवारको जवाफदेही	• कुन कामका लागि को व्यक्ति को (विद्यार्थी, अभिभावक, समुदाय, विद्यालय व्यवस्थापन समिति तथा स्थानीय, प्रदेश र सङ्घीय सरकार) प्रति जवाफदेही रहने भन्नेबारेमा जानकार रहेको	• शिक्षक आफ्ना जवाफदेह ीका बारेमा जानकार रहेको सुनिश्चितता गरेको • हरेक व्यक्ति जवाफदेही रहेको कुरा सुनिश्चित गर्ने प्रणालीको स्थापना गरेको	• शिक्षकलाई जवाफदेही बनाउने संयन्त्र स्थापना गरेको • शिक्षण तथा सिकाइका मापदण्डको अनुगमन गरेको	• जवाफदेह ी र कार्यसम्पादनको अनुगमन प्रणालीका कारणले शिक्षण र सिकाइको स्तरमा सकारात्मक प्रभाव परेको
विद्यालय सुधार योजना कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन र प्राप्त नतिजाको उपयोग	• अनुगमन र मूल्याङ्कनको आवश्यकताका सम्बन्धमा जानकार रहेको • अनुगमन र मूल्याङ्कनका लागि आवश्यक रणनीतिका सम्बन्धमा जानकार रहेको	• अनुगमन र मूल्याङ्कनका दायराका सम्बन्धमा बुझेको • योजनाका मुख्य क्रियाकलापको अनुगमन प्रक्रियाको सुरुआत गरेको	• विद्यालयको सफलताको स्तर मापनका लागि अनुगमनमा व्यापक रणनीतिको उपयोग गरेको	• विद्यालयको सबल र कमजोर पक्ष (बाह्य अनुगमनबाट पहिल्याइएका) का सम्बन्धमा स्पष्ट प्रतिबिम्वन गर्ने गरेको • तथ्याङ्क र अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त नतिजाका आधारमा

सक्षमताका क्षेत्र तथा मापदण्ड	तहगत अवस्था			
	तह १ : आधारभूत जानकारी भएको	**तह 2 : बुझाइ र अभ्यास विकास हुँदै गरेको**	**तह 3 : उन्नत तहको अभ्यास गर्दै गरेको**	**तह ४ : उच्चतम दक्षता प्रदर्शन गरेको**
				योजनाको परिमार्जन गरेको
क्षेत्र २ : शिक्षण तथा सिकाइको नेतृत्व				
विद्यालय पाठ्यक्रम तथा मूल्याङ्कन प्रक्रियाका बारेमा अद्यावधिक ज्ञान।	• पाठ्यक्रम र मूल्याङ्कनका प्रावधानहरूका बारेमा जानकार रहेको।	• कक्षाकोठामा विद्यालयका नीति कार्यान्वयन गरिएको सुनिश्चित गर्नका लागि पाठ्यक्रम र मूल्याङ्कन प्रक्रियासम्बन्धी ज्ञानको प्रयोग गरेको। • विद्यार्थी मूल्याङ्कनका बारेमा शिक्षकहरू पूर्ण जानकार रहेको कुरा सुनिश्चित गरेको	• विद्यालयमा निर्माणात्मक र निर्णयात्मक दुबै किसिमका मूल्याङ्कन विधिको उपयोग गरेको ।	• सिकाइका आगामी चरणहरूको योजना गर्न मूल्याङ्कनबाट प्रमाण सङ्कलनका लागि आफ्नो ज्ञान तथा बुझाइको उपयोग गरेको • पाठ्यक्रम तथा मूल्याङ्कनसम्बन्धी प्रावधानहरूको पूर्ण कार्यान्वयन गरेको
पाठ्यक्रमको कार्यान्वयनमा शिक्षकसँग सहकार्य	• पाठ्यक्रमको विकास प्रक्रियाका सम्बन्धमा जानकार रहेको। • पाठ्यक्रम कार्यान्वयनसम्बन्धी छलफलका लागि शिक्षकहरूलाई अवसरको सुनिश्चितता गरेको	• शिक्षकहरूबिचको छलफलको सहजीकरण गर्न सक्षम रहेको • नियमित रूपमा पाठ्यक्रम कार्यान्वयनसम्बन्धी छलफलहरूको सहजीकरण गरेको	• छलफलका परिणामस्वरूप पाठ्यक्रम कार्यान्वयनका सम्बन्धमा शिक्षकको बुझाइमा निरन्तर सुधार भएको • पाठ्यक्रम कार्यान्वयनका लागि विषयगत समिति परिचालन गरेको।	• शिक्षकहरूबिचको गुणस्तरीय पेसागत छलफलले पाठ्यक्रम कार्यान्वयन प्रणालीमा सुधार भई शिक्षण तथा सिकाइको गुणस्तर सुधारतर्फ उन्मुख रहेको
पाठ्यक्रमको कार्यान्वयनमा समुदाय एवम् अभिभावकसँग सहकार्य	• पाठ्यक्रअनुसार समुदाय एवम् अभिभावकसँग सिकाइ साझेदारी गर्ने विषय सम्बन्धमा जानकार रहेको	• पाठ्यक्रमअनुसार समुदाय एवम् अभिभावकसँग सिकाइ साझेदारीको रणनीति विकास गरेको र शिक्षक अभिभभावक सङ्घसँग सहकार्यको क्षेत्र पहिचान गरेको	• अभिभभावक एवम् समुदायमा आधारित सङ्घ सङ्गठनको सहकार्यमा विद्यार्थीका लागि सिकाइ परियोजना विकास र कार्यान्वयन गरेको	• अभिभभावक एवम् समुदायको साझेदारीमा पाठ्यक्रम कार्यान्वयन गरेको • समुदायका सान्दर्भिक विज्ञलाई शिक्षण कार्यमा आमन्त्रण गर्ने गरेको
विद्यार्थीहरूको विविधताअनुरूप सिकाइमा सहायता	• बालबालिकाको सिकाइ आवश्यकता फरक फरक हुन सक्छन् भन्नेमा जानकार रहेको • अतिरिक्त तथा सह क्रियाकलापसम्बन्धी राम्रा प्रावधान र यसले कसरी	• फरक फरक सिकाइ आवश्यकता भएका विद्यार्थी समूहका लागि अनुकुल हुने खालका सिकाइमैत्री क्रियाकलापका बारेमा बुझाइ रहेको	• विशेष आवश्यकतासहितका सबै विद्यार्थी समूहको सिकाइ सुधार योजनाको तयारी र कार्यान्वयन गरेको	• शिक्षण सिकाइमा प्रयोग भएका विविध अतिरिक्त क्रियाकलापहरूले सिकाइको स्तर र विद्यार्थीको नतिजा

सक्षमताका क्षेत्र तथा मापदण्ड	**तहगत अवस्था**			
	तह १ : आधारभूत जानकारी भएको	**तह 2 : बुझाइ र अभ्यास विकास हुँदै गरेको**	**तह 3 : उन्नत तहको अभ्यास गर्दै गरेको**	**तह ४ : उच्चतम दक्षता प्रदर्शन गरेको**
	सिकाइमा सहयोग पुऱ्याउँछ भन्ने सम्बन्धमा जानकार रहेको •		• विद्यार्थीको प्रगतिको अनुगमन गरेको	सुधारमा योगदान गरेको • सबै विद्यार्थीका सिकाइ आवश्यकता पूरा भएको सुनिश्चितता गरेको • सबै विद्यार्थीको प्रगतिको अनुगमन गर्ने प्रावधान कार्यान्वयन गरेको
विद्यालयको आवश्यकता र शिक्षकको सक्षमताका आधारमा कार्य जिम्मेवारीको बाँडफाँट	• शिक्षकको सबल पक्ष तथा कमजोरी र उनीहरूका सक्षमताका बारेमा जानकार रहेको •	• शिक्षकका सबल पक्षलाई कसरी कार्यजिम्मेवारी बाँडफाँटसँग मिल्दो बनाउने भन्ने कुराको बुझाइ रहेको	• शिक्षकहरूलाई व्यापक दायराका सक्षमता हासिल गर्ने बनाउनका लागि पेसागत विकासका अवसरह उपलब्ध गराएको • शिक्षकले आफ्ना विद्यार्थीका सिकाइ आवश्यकता बुझ्न गरेका प्रयत्नमा आवश्यक सहयोग उपलब्ध गराएको	• विद्यालयको आवश्यकता र शिक्षकको क्षमताअनुकूल जिम्मेवारी बाँडफाँट र विद्यार्थीको राम्रो प्रगति गरेको • शिक्षकहरूले आफ्ना विद्यार्थीका आवश्यकताअनुरूप शिक्षण सिकाइ सहयोगप्रति निरन्तर प्रोत्साहन गरेको •
स्रोतसामग्रीमा सबैको पहुँच र कुशल तथा प्रभावकारी प्रयोगको सुनिश्चितता	• विद्यालयका कक्षाकोठालाई स्रोतयुक्त बनाउनका लागि आवश्यक विविध स्रोतका बारेमा जानकार रहेको •	• विद्यार्थीका आवश्यकतामा आधारित स्रोत सामग्री उपलब्ध गराउने गरेको • सामग्री उपयोगका लागि शिक्षकलाई सहायता प्रदान गरेको • स्रोतको राम्रो व्यवस्थापन र हेरचाह गर्ने गरेको	• उपलब्ध स्रोतको प्रधानाध्यापक र शिक्षकबाट सर्वोपयुक्त उपयोग गर्ने गरेको • स्रोत व्यवस्थापनमा शिक्षकलाई प्रोत्साहन गरेको	• स्रोतको पूर्ण उपयोग र हेरचाहमा शिक्षक र कर्मचारी जवाफदेही रहेका •
शिक्षकको कार्यसम्पादनमा सुधार गर्न कक्षा एवम् पाठ अवलोकनको उपयोग	• नियमित रूपमा कक्षाकोठाको अवलोकन गरी शिक्षकका क्षमताका बारेमा जानकारी हासिल गर्ने गरेको	• स्पष्ट र साझा उद्देश्यका साथ कक्षाकोठामा गई शिक्षकको कार्यसम्पादनका सम्बन्धमा पृष्ठपोषण प्रदान गरेको	• शिक्षकले आफ्नो शिक्षणमा सुधार गर्नका लागि गर्नुपर्ने पक्षमा धानाध्यापकबाट पृष्ठपोषण पाएको	• शिक्षक विद्यार्थीको प्रगतिका लागि जवाफदेही रहेका • प्रधानाध्यापकको वस्तुगत पृष्ठपोषणबाट

सक्षमताका क्षेत्र तथा मापदण्ड	तहगत अवस्था			
	तह १ : आधारभूत जानकारी भएको	**तह 2 : बुझाइ र अभ्यास विकास हुँदै गरेको**	**तह 3 : उन्नत तहको अभ्यास गर्दै गरेको**	**तह ४ : उच्चतम दक्षता प्रदर्शन गरेको**
	• विद्यार्थीका सिकाइ अवस्था र शिक्षणशैलीको प्रभावका बारेमा जानकार रहेको •	• विद्यार्थीहरूसँग उनीहरूले सिकेका कुराका सम्बन्धमा नियमित छलफल गर्ने गरेको • प्रधानाध्यापकबाट सल्लाहकार/निरीक्षकको साथमा जोडी कक्षा अवलोकन सुरुआत गरेको	• कक्षा अवलोकनबाट शिक्षणको स्तरसमेतको अभिलेख तयार गरेको • शिक्षकलाई प्रधानाध्यापकसँगै जोडी अवलोकन गराई कक्षा अवलोकनका लागि कोचिङ र मेन्टरिङ प्रदान गरेको	शिक्षकमा सुधार भएको • शिक्षकबाट प्राप्त विस्तृत पृष्ठपोषणबाट विद्यार्थीले आफूले सुधार गर्नुपर्ने कुराको जानकारी पाएका •
शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी उपयोग, सहजीकरण र मूल्याङ्कन	• शिक्षण तथा सिकाइलाई परिष्कृत बनाउन सूचना तथा सञ्चार प्रविधिको उपयोग कसरी गर्नुपर्छ भन्ने सम्बन्धमा जानकार रहेको	• न्यून लागतका प्रविधिको उपयोगका विविध रणनीतिको बुझाइ रहेको •	• सूचना तथा सञ्चार प्रविधिको उपयोगको अनुगमन र मूल्याङ्कन गरेको • सूचना तथा सञ्चार प्रविधिमा आत्मविश्वासको अभाव रहेका शिक्षकका लागि सहायता र तालिमका अवसर प्रदान गरेको	• सबै कक्षा र सबै विषयमा सूचना तथा सञ्चार प्रविधिको उपयोग गरेको • शिक्षकको सिप र बुझाइमा सुधारका लागि आवश्यकतामा आधारित तालिम र सहायता प्रदान गरेको • सूचना तथा सञ्चार प्रविधिको उपयोगका सम्बन्धमा शिक्षकबिच एकआपसमा सहायता प्रदान गर्ने संस्कृति विकास भएको
विद्यार्थी सिकाइसम्बन्धी तथ्याङ्क सङ्कलन र विश्लेषणमार्फत सिकाइ खाडल परिपूरणका लागि योजना निर्माण र कार्यान्वयन	• सिकाइ खाडल पहिचानका लागि के कस्तो तथ्याङ्क सङ्कलन गर्नुपर्छ भन्ने सम्बन्धमा जानकार रहेको	• व्यवस्थित अनुगमन र मूल्याङ्कनका लागि आवश्यक प्रबन्ध गरेको • अनुगमन र मूल्याङ्कनमार्फत तथ्याङ्क सङ्कलन र सिकाइ खाडल पहिचान गरेको	• अनुगमन र मूल्याङ्कनको विस्तृत प्रणालीले सिकाइ खाडलको सम्बोधन गर्ने रणनीति कार्यान्वयन भएको सुनिश्चितता गरेको	• प्रधानाध्यापक र शिक्षकले योजनाको कार्यान्वयनबाट अपेक्षित प्रभाव प्रदर्शन गरेका
प्रभावकारी शिक्षण सिकाइ गतिविधिको प्रवर्धनका लागि सहकार्यात्मक अभ्यासको वातावरण निर्माण	• प्रभावकारी शिक्षण तथा सिकाइका आधारका बारेमा जानकार रहेको • शिक्षक सक्षमताको प्रारूपको राम्रो ज्ञान भएको	• शिक्षण तथा सिकाइका सम्बन्धमा छलफल गर्न शिक्षकसँग नियमित बैठक सञ्चालन गरेको • शिक्षकको योजना सिकाइ उपलब्धिमा	• कक्षा अवलोकनका आधारमा असल अभ्यास विद्यालयभर अनुकरण गराउन सक्षम रहेको	• विद्यालयबिच असल अभ्यासको आदानप्रदानका लागि छिमेकी विद्यालय (वा डिजिटल माध्यमबाट

सक्षमताका क्षेत्र तथा मापदण्ड	तहगत अवस्था			
	तह १ : आधारभूत जानकारी भएको	**तह 2 : बुझाइ र अभ्यास विकास हुँदै गरेको**	**तह 3 : उन्नत तहको अभ्यास गर्दै गरेको**	**तह ४ : उच्चतम दक्षता प्रदर्शन गरेको**
	• सहकार्यलाई प्रोत्साहन गर्ने विद्यालय संस्कृतिबारे जानकार रहेको	आधारित भएर सुरु हुन्छ भन्ने बुझाइ रहेको • शिक्षकलाई समूहमा कार्य गर्न सहजीकरण गरेको	• शिक्षकको विज्ञता र असल अभ्यासको बुझाइमा आधारित भई शिक्षकलाई एकअर्काबाट सिक्ने अवसरको प्रबन्ध गरेको	अन्य विद्यालय) सँगको सहकार्यमा सहजीकरण गरेको • शिक्षकको विज्ञताको अनुभव आदान प्रदान गर्न अन्य प्रधानाध्यापकसँग सहकार्य गरेको
शिक्षक र विद्यार्थीहरूसँग सुमधुर सम्बन्ध स्थापना र अनुकरणीय व्यवहार प्रदर्शन।	• शिक्षकहरूको सबलताहरू, कमजोरीहरू र मन पर्ने कुराहरू समेतको जानकारी रहेको • परिवर्तनका प्रयत्नका बारेमा शिक्षकलाई जानकारी दिने गरेको	• शिक्षकहरूका बारेमा थप जान्नका लागि उनीहरूसँग व्यक्तिगत र सामूहिक रूपमा नियमित बैठक गरेको • विद्यालयमा विश्वासको वातावरण निर्माण गर्न सक्षम रहेको। • शिक्षकहरूको दृष्टिकोण सुन्ने र निर्णय गर्दा ति कुरालाई ध्यान दिने गरेको	• आफ्ना बालबालिकाको शिक्षामा साझेदार बन्न सक्ने किसिमले अभिभावकसँग राम्रो सम्बन्ध स्थापना गरेको • विद्यार्थीसँग उनीहरूका काम र उनीहरूले सिकिरहेका कुराका बारेमा नियमित रूपमा कुराकानी गर्ने गरेको • शिक्षकलाई उनीहरूको कार्यसम्पादन र अन्य सहकर्मीसँगको उनीहरूको अन्तरक्रियाका बारेमा पनि सुधारात्मक पृष्ठपोषण प्रदान गरेको	• शिक्षण तथा सिकाइका बारेमा गरिने निर्णयमा विद्यार्थीका विचारलाई ध्यान दिइने गरेको • विद्यालयको मूल्याङ्कनमा (प्रश्नावलीमार्फत वा आवश्यक परेमा डिजिटल माध्यमका साथसाथै आमनेसामने माध्यमबाट) अभिभावकको संलग्नता हुने गरेको • शैक्षणिक प्रक्रियामा शिक्षक, अभिभावक र विद्यार्थीहरूलाई उपयुक्त तरिकाले सहभागी गराउने गरेको •
क्षेत्र ३ : विद्‌यालयको व्यवस्थापकीय नेतृत्व				
विद्यालय शिक्षासम्बन्धी कानुनको ज्ञान तथा समझ प्रदर्शन एवम् कार्यसम्पादन	• विद्यमान कानुन कहाँबाट पाउन सकिन्छ भन्ने सम्बन्धमा जानकार र तिनमा पहुँच रहेको	• विद्यमान कानुन र नियमको बारेमा बुझेको र विद्यालयमा तिनीहरूको कार्यान्वयनको अभ्यास गरेको	• विद्यालयका नीति र प्रक्रियाहरूमा विद्यमान कानुन र नियम स्पष्ट उल्लेख गरिएको	• वर्तमान कानुन र नियम विद्यार्थीको शैक्षिक अनुभवको अभिवृद्धिका लागि उपयोग गरिएको

सक्षमताका क्षेत्र तथा मापदण्ड	तहगत अवस्था			
	तह १ : आधारभूत जानकारी भएको	तह 2 : बुझाइ र अभ्यास विकास हुँदै गरेको	तह 3 : उन्नत तहको अभ्यास गर्दै गरेको	तह ४ : उच्चतम दक्षता प्रदर्शन गरेको
				• विद्यालयका सबै पक्षमा नियम कानुनको पूर्ण परिपालना गरिएको
विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घका बैठक सञ्चालन सहजीकरण र निर्णयहरूको कार्यान्वयन	• वर्षभरिको बैठकको कार्यतालिका वर्षको सुरुमै तयार गर्ने गरेको	• नियमित रूपमा बैठक सञ्चालन, एजेन्डामा सहमति र निर्णयको अभिलेख राख्ने गरेको	• विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घसँगका बैठक विद्यार्थीको कल्याण र सिकाइमा केन्द्रित रहेको	• विद्यालयमा भइरहेका गतिविधिका बारेमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घलाई राम्रो जानकारी रहेको • विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घसँग प्रधानाध्यापकको राम्रो सम्बन्ध रहेको र उक्त सम्बन्धले विद्यालयको शैक्षिक गुणस्तरमा योगदान गरेको
सुरक्षित र सफा विद्यालय वातावरण निर्माण	• विद्यालय वातावरणको अनुगमनका लागि प्रणाली स्थापनाको आवश्यकता महसुस गरेको • शिक्षक तथा विद्यार्थीको स्वास्थ्य र	• वातावरणका सम्बन्धमा प्रधानाध्यापकले विद्यालय अनुगमन गरेको अभिलेख रहेको • विद्यालयमा उपयुक्त स्वास्थ्य तथा सुरक्षा नीति रहेको	• सुरक्षा तथा सरसफाइ समस्याको अभिलेख व्यवस्थापन र समस्या समाधानमा तुरुन्तै ध्यान दिइने गरिएको	• सफा, सुरक्षित र उत्प्रेरित गर्ने खालको विद्यालय वातावरण रहेको • विद्यालयको वातावरण विद्यार्थीको सिकाइ अभिवृद्धि

सक्षमताका क्षेत्र तथा मापदण्ड	तहगत अवस्था			
	तह १ : आधारभूत जानकारी भएको	तह 2 : बुझाइ र अभ्यास विकास हुँदै गरेको	तह 3 : उन्नत तहको अभ्यास गर्दै गरेको	तह ४ : उच्चतम दक्षता प्रदर्शन गरेको
	सुरक्षा उच्च प्राथमिकतामा रहेको			र काम गर्नका लागि उपयुक्त स्थानको रूपमा रहेको
निर्धारित लक्ष्य तथा उद्देश्यसँग मिल्दोजुल्दो हुने गरी विद्यालयको सर्वोपरी हितमा स्रोतको व्यवस्थापन र परिचालन	• विद्यालय र समुदायमा रहेका उपलब्ध स्रोतहरूका बारेमा जानकार रहेको • स्रोतहरूको हेरचाह र सावधानीपूर्ण संरक्षण सम्बन्धमा जानकार रहेको	• सबै स्रोतको अभिलेख व्यवस्थापन र बढी आवश्यकता रहेको क्षेत्रमा स्रोतको परिचालन गर्ने गरेको • उपयुक्त स्रोत पाइने स्थानका सम्बन्धमा शिक्षकलाई जानकारी प्रदान गरिएको	• विद्यालयका आफ्नै स्रोतको परिपूरणका लागि विद्यालयले समुदायमा उपलब्ध स्रोतहरूको उपयोग गर्ने गरेको	• विद्यालयमा र बाहिर उपलब्ध रहेका सबै स्रोतहरूको परिचालन गरेको • छिमेकी विद्यालयसँग स्रोत र विज्ञताको साझेदारीका लागि सहकार्य गरेको
बालमैत्री, लैङ्गिकतामैत्री र अपाङ्गतामैत्री भौतिक पूर्वाधारको सुनिश्चितता	• सबै क्षेत्रको सम्बोधनका लागि नियमित अनुगमन योजना तयार गरेको • समावेशितासम्बन्धी कानुनी प्रावधानका बारेमा जानकार रहेको	• नियमित अनुगमन र आइपरेका समस्या तथा सम्भावित मुद्दाको अभिलेख व्यवस्थापन गरेको • विद्यालयमा विविधतासम्बन्धी मुद्दाका बारेमा शिक्षक जानकार रहेको सुनिश्चितता गरेको	• समस्याहरू र चुनौतीको रोकथामका लागि नियमित रूपमा जोखिम मूल्याङ्कन गरिने सुनिश्चितता गरेको	• सावधानीपूर्ण अनुगमन र अभिलेख व्यवस्थापनले विद्यालयमा सबैको सुरक्षाको सुनिश्चितता गरेको • विद्यालयको भौतिक पूर्वाधारमा सबैको पहुँचका कारण सिकाइमा सबै विद्यार्थीहरूको सहभागिता रहेको
वस्तुगत आधारमा शिक्षकको कार्यसम्पादन मूल्याङ्कन	• शिक्षकको कार्यसम्पादन मूल्याङ्कनसम्बन्धी पक्ष तथा मुद्दाका बारेमा जानकार रहेको	• शिक्षकहरूको मूल्याङ्कनको तरिका कक्षाकोठा अवलोकन र छलफलसँग	• कार्यसम्पादन मूल्याङ्कनलाई सहकार्यात्मक अभ्यास बनाउन र यसमा शिक्षकलाई सक्रिय बनाउन	• शिक्षकको कार्यसम्पादनका बारेमा नियमित र विकासात्मक छलफल

सक्षमताका क्षेत्र तथा मापदण्ड	तहगत अवस्था			
	तह १ : आधारभूत जानकारी भएको	**तह 2 : बुझाइ र अभ्यास विकास हुँदै गरेको**	**तह 3 : उन्नत तहको अभ्यास गर्दै गरेको**	**तह ४ : उच्चतम दक्षता प्रदर्शन गरेको**
		सम्बन्धित हुने प्रणाली रहेको ● शिक्षकको कार्यसम्पादनका सम्बन्धमा नियमित रूपमा एक्लाएक्लै छलफल गर्ने गरेको	स्वमूल्याङ्कनमा सहभागी गराउन सुरुआत गरेको	सञ्चालन गर्ने गरेको ● शिक्षकलाई सुधार गर्नका लागि स्पष्ट पृष्ठपोषण प्रदान गर्ने गरेको र विद्यार्थीको उपलब्धिमा त्यस्तो पृष्ठपोषणको प्रतिविम्बन भएको
विद्यालयमा सम्पादन गर्नुपर्ने कार्यको अभिलेख व्यवस्थापन तथा निर्धारित समयभित्र प्रतिवेदन सम्प्रेषण	● प्रधानाध्यापकले गर्नुपर्ने काम र तिनको म्यादका बारेमा जानकार रहेको	● प्रतिवेदन तयारी र सम्प्रेषण गर्ने कार्य प्रधानाध्यापकको कार्यसम्बन्धी योजनामा समावेश भएको	● प्रतिवेदनका विषयवस्तुका सम्बन्धमा अन्य व्यक्तिहरूसँग परामर्श गर्ने गरेको ● आन्तरिक र बाह्य सरोकारवालाको अपेक्षा र आवश्यकताको सम्बोधन गरेको	● विद्यालयको व्यवस्था प्रवर्धन हुने किसिमले प्रतिवेदन तयार पारिएको सुनिश्चितता गरेको
विद्यालयको सूचना व्यवस्थापनमा आधुनिक प्रविधिको उपयोग	● प्रविधिले प्रशासनलाई सबल बनाउन कसरी सहयोग गर्छ भन्ने कुराका सम्बन्धमा जानकार रहेको	● व्यवस्थापनको कुशलतामा सुधारका लागि प्रविधिको उपयोग गरेको	● समय र स्रोतको बचत गरी त्यस्तो बचतलाई शैक्षणिक कुरामा प्रयोग गर्नका लागि प्रविधि प्रयोगका तरिकाको खोजी गरेको	● प्रविधिको सर्वोपयुक्त उपयोग गरी कुशलतापूर्वक विद्यालय सञ्चालन गरेको ● बचत भएको समय विद्यालयको नेतृत्व र विकासमा उपयोग गरेको
तथ्य/प्रमाणमा आधारित निर्णय निर्माण र निर्णयको प्रभावकारी सञ्चार	• निर्णय गर्नुभन्दा पहिले प्रमाण र सूचना सङ्कलन गरेको	● निर्णयका लागि अरूसँग परामर्श र निर्णयका लागि	● निर्णय र कारणहरूको सञ्चारमार्फत	● निर्णय प्रक्रियालाई थप प्रभावकारी र समावेशी

सक्षमताका क्षेत्र तथा मापदण्ड	तहगत अवस्था			
	तह १ : आधारभूत जानकारी भएको	तह 2 : बुझाइ र अभ्यास विकास हुँदै गरेको	तह 3 : उन्नत तहको अभ्यास गर्दै गरेको	तह ४ : उच्चतम दक्षता प्रदर्शन गरेको
		उनीहरूका विचार र दृष्टिकोणको उपयोग गरेको • निर्णयको जानकारी पाउनुपर्ने जति सबैलाई निर्णयको सञ्चार गरेको • तथ्याङ्कको साझेदारी गरेको	निर्णय प्रक्रियालाई थप पारदर्शी बनाएको सुनिश्चितता गरेको • निर्णय प्रक्रियामा सबैको सहभागिता रहेको	बनाउनका लागि निर्णय प्रक्रियाको मूल्याङ्कन गर्ने गरेको • प्रधानाध्यापकको राम्रो सञ्चार र परामर्शमार्फत सरोकारवालामा विद्यालयप्रति अपनत्वको भावना विकास भएको
क्षेत्र ४ : आफ्नो तथा सहकर्मी शिक्षकको पेसागत विकास				
विद्यालयका लागि सहयोगी हुने उपलब्ध पेसागत विकासका क्रियाकलापमा सहभागिता	उपलब्ध पेसागत विकासका कार्यक्रमका बारेमा जानकार रहेको	पेसागत विकासका अवसरको खोजी गरी सक्रियतापूर्वक सहभागिता जनाएको अनिवार्यबाहेक पेसागत विकासका थप अवसरको बारेमा पनि सचेत र सक्रिय रहेको	पेसागत विकासमा निरन्तर संलग्न रहेको सिकाइलाई पेसागत विकासको पथमा अघि बढ्न उपयोग गर्ने गरेको	आफ्नो पेसागत विकासले विद्यालयमा परेको सकारात्मक प्रभावको उदाहरण र प्रमाण उपलब्ध गराउन सफल रहेको शिक्षकको निरन्तर पेसागत विकासले कक्षाकोठाको सिकाइमा परेको प्रभावलाई उदाहरण र प्रमाणको रूपमा उपलब्ध गराउन सफल रहेको
शिक्षकलाई पेसागत विकासका कार्यक्रममा सहभागी हुन र सहकर्मीबिच सिकाइको साझेदारी गर्न प्रोत्साहन	शिक्षकका लागि पेसागत विकासका अवसर कहाँ खोजी गर्ने भन्ने सम्बन्धमा जानकार रहेको विद्यालयभित्र र बाहिर शिक्षकलाई आवश्यक पर्ने पेसागत विकासका बारेमा जानकार रही सो कार्य पूरा गरेको सुनिश्चितता भएको	शिक्षकलाई आफ्नो पेसागत विकासका अवसरको खोजी गर्न प्रोत्साहन गरेको शिक्षकका लागि उपयुक्त कार्यक्रम वा क्रियाकलापको छनोटमा मार्गदर्शन गरेको	शिक्षकका पेसागत सबलता र सुधार गर्नुपर्ने पक्ष थाहा पाई सान्दर्भिक तालिमका अवसरमा उनीहरूको पहुँचको सुनिश्चितता गरेको	प्रधानाध्यापकले शिक्षकलाई निरन्तर पेसागत विकासको अवसर प्रदान गरेको शिक्षकबिच एकअर्कालाई सहायता गरी परस्परमा कक्षा अवलोकन गरेर गरिने निरन्तर पेसागत विकासको योजना कार्यान्वयन गरेको
शिक्षकले पेसागत विकासका कार्यक्रमबाट सिकेका सिप कार्यान्वयन गरेको सुनिश्चितता	पेसागत विकासका कार्यक्रममा संलग्न भएका शिक्षकसँग प्रत्येक पटक छलफलको योजना रहेको	शिक्षकले पेसागत विकासका कार्यक्रमबाट हासिल गरेका नयाँ सिप उनको शिक्षण सिकाइ योजनामा समावेश गरेको सुनिश्चितता गरेको	योजनालाई कार्यमा रूपान्तरण गरे नगरेको र तालिममा सिकेका कुरा कक्षाकोठमा देखिए नदेखिएको यकिन गर्न अनुगमन गर्ने गरेको	शिक्षकले पेसागत विकासका कार्यक्रमबाट हासिल गरेका सिप र अभ्यासमा प्रधानाध्यापकसँग भएको राम्रो ज्ञानको संयोजन गरी विद्यालयका सम्पूर्ण शिक्षकबिच नयाँ विचारको

सक्षमताका क्षेत्र तथा मापदण्ड	तहगत अवस्था			
	तह १ : आधारभूत जानकारी भएको	**तह 2 : बुझाइ र अभ्यास विकास हुँदै गरेको**	**तह 3 : उन्नत तहको अभ्यास गर्दै गरेको**	**तह ४ : उच्चतम दक्षता प्रदर्शन गरेको**
				आदानप्रदान र प्रसारको योजना कार्यान्वयन गरेको त्यस्ता योजना प्रधानाध्यापकको अनुगमन अभिलेखमा उल्लेख रहेको
पेसागत विकासका लागि सिकाइ सञ्जाल निर्माण तथा सहभागिता	पेसागत विकासमा सहयोग र सहायताका उपलब्ध गराउन सक्ने व्यक्ति तथा सञ्जालका सम्बन्धमा जानकार रहेको	व्यक्तिगत र पेसागत विकासका लागि सञ्जालीकरणको आवश्यकता महसुस गरी अन्य प्रधानाध्यापसँग सम्पर्क सञ्जाल स्थापना र विस्तार गरेको	एकअर्कालाई सहायता गर्ने र विचारको आदानप्रदानका लागि नियमित रूपमा भेट्ने सहकर्मीको सञ्जाल निर्माण गरेको	सञ्जालहरूमा प्रधानाध्यापकको सहभागिताका कारण विद्‌यालयको शिक्षण तथा सिकाइमा सकारात्मक प्रभाव रहेको शिक्षकलाई विद्‌यालयभित्र र अन्य विद्‌यालयबिच रहेको उनीहरूका सहकर्मी सञ्जालमा संलग्न हुन प्रोत्साहन गरेको
सम्भावित नेतृत्वको पहिचान तथा विकासका लागि सहजीकरण	राम्रो नेतृत्वका तत्वहरूका सम्बन्धमा प्रष्टता सहित आफ्नो काममा ती तत्वहरूको उपयोग सम्बन्धमा जानकार रहेको । आकाङ्क्षी नेतृत्वका लागि अनुकरणीय व्यवहार प्रस्तुत गरेको ।	अनुगमन र मूल्याङ्कनमार्फत शिक्षकका बारेमा प्राप्त ज्ञानबाट सम्भाव्य नेतृत्वको पहिचान गरेको सम्भावित नेतृत्वको कार्यसम्पादन र आकाङ्क्षाका सम्बन्धमा नियमित छलफल गर्ने गरेको	नेतृत्वको सम्भावना भएका सहकर्मीलाई नेतृत्व क्रियाकलापमा संलग्न हुने अवसरको सुनिश्चितता गरेको सम्भावित नेतृत्वले नेतृत्व सिपको विकास गर्न निरन्तर पेसागत विकासमा सहभागी भएको सुनिश्चितता गरेको	दक्षताप्राप्त नेतृत्वको प्रभाव शिक्षण तथा सिकाइमा प्रदर्शन गरेको दक्षताप्राप्त नेतृत्वले नेतृत्व र व्यवस्थापनका कार्यको जिम्मा लिई प्रधानाध्यापकको भूमिकामा सहयोग गरेको
नेतृत्वका कार्य सम्भाव्य नेतृत्वलाई प्रत्यायोजन	आफ्नो कामका उपयुक्त प्राथमिकता निर्धारणमा जानकार रहेको नेतृत्वका कुन कुन कार्य कसकसलाई उपयुक्त तरिकाले प्रत्यायोजन गर्न सकिन्छ भन्ने सम्बन्धमा जानकार रहेको	नेतृत्व र व्यवस्थापनका कार्य गरिरहेकालाई निरन्तर सहायता प्रदान गरेको	विकास हुँदै गरेका नेतृत्वको योगदानको उचित कदरको सुनिश्चितता गरेको	विद्‌यालय र समुदायमा आकाङ्क्षी नेतृत्वको योगदानको कदर गरेको उनीहरूको कामले विद्‌यालयको शिक्षण सिकाइको स्तर बढाउनका लागि योगदान पुगेको
क्षेत्र ५ : सरोकारवालासँगको सहकार्य				
शिक्षक, विद्यार्थी र अभिभावकबिच आपसी सहयोगको वातावरणको सिर्जना	• शिक्षक, विद्यार्थी र अभिभावकबिचको अन्तरसम्बन्धले सकारात्मक कार्य संस्कृति निर्माण हुनेमा विश्वस्त भएको	• बालबालिकाको सिकाइ सम्बन्धमा छलफल गर्न शिक्षक र अभिभावकबिच भेटघाट गर्ने	• विद्यालयमा अभिभावकको संलग्नता र साझेदारीका लागि सहजीकरण गरेको	• विद्यालय सञ्चालनमा शिक्षक, अभिभावक र विद्यार्थीको

सक्षमताका क्षेत्र तथा मापदण्ड	तहगत अवस्था			
	तह १ : आधारभूत जानकारी भएको	तह 2 : बुझाइ र अभ्यास विकास हुँदै गरेको	तह 3 : उन्नत तहको अभ्यास गर्दै गरेको	तह ४ : उच्चतम दक्षता प्रदर्शन गरेको
	• अभिभावकले आफ्ना बालबालिकाको शिक्षाका लागि विद्यालयमा कसरी योगदान गर्न सक्छन् भन्नेमा बुझाइ रहेको	अवसरको सिर्जना भएको • अभिभावकका चासो गम्भीरतापूर्वक लिई समस्या र गुनासोको यथाशीघ्र र उपयुक्त किसिमले सम्बोधन गर्ने गरेको • निर्णय गर्नुपूर्व शिक्षक विद्यार्थी र अभिभावकसँग उपयुक्त किसिमले परामर्श गरेको	• शिक्षक र अभिभावकबिच एक आपसमा छलफल अन्तर्क्रिया गर्न प्रोत्साहनका लागि औपचारिक र अनौपचारिक अवसरको सिर्जना गरेको • पेसागत मुद्दाका सम्बन्धमा निर्णय गर्नुभन्दा अगाडि शिक्षकसँग परामर्श गरेको	संलग्नता र सहकार्य गरेको • अभिभावक, शिक्षक र विद्यार्थीले निर्णय प्रक्रियामा आफू महत्त्वपूर्ण तत्त्व रहेको अनुभव, विद्यालय र यसका कामका बारेमा अपनत्व महसुस गरेको • शिक्षक, विद्यार्थी र अभिभावकको पारस्परिक योगदानले शिक्षण तथा सिकाइका सकारात्मक प्रभाव परेको
विद्यालयसँग सम्बन्धित व्यक्ति एवम् संस्थासँग नियमित सम्पर्क र सहकार्य	• विद्यालय, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, स्थानीय तहका पदाधिकारी एवम् अन्य सरोकारवालासँगको सहकार्य एवम् राम्रो सम्बन्धले विद्यालयको प्रभावकारिता वृद्धि हुनेमा विश्वस्त रहेको	• विद्यालय र समुदायमाझ उनीहरूले एकअर्काबाट कसरी लाभ प्राप्त गर्न सक्छन् भन्ने सम्बन्धमा बुझाइ रहेको • विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, स्थानीय तहका पदाधिकारीसँग औपचारिक एवम्	• सरोकारवालासँगको सम्बन्ध र भेटघाटलाई सहकार्य गर्ने अवसरको रूपमा उपयोग गरेको • विद्यार्थी र शिक्षकबाट सान्दर्भिक सामुदायिक सङ्गठनको भ्रमण गर्ने गरेको • विद्यालयको मूल्यवान् स्रोतका रूपमा	• विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, स्थानीय तहबाट विद्यालयमा अपनत्व स्थापित भएको • सरोकारवालाले विभिन्न माध्यमबाट गरेको योगदानले सिकाइको स्तर

सक्षमताका क्षेत्र तथा मापदण्ड	तहगत अवस्था			
	तह १ : आधारभूत जानकारी भएको	तह 2 : बुझाइ र अभ्यास विकास हुँदै गरेको	तह 3 : उन्नत तहको अभ्यास गर्दै गरेको	तह ४ : उच्चतम दक्षता प्रदर्शन गरेको
		अनौपचारिक बैठकका लागि नियमित रूपमा सम्पर्क गर्ने गरेको	समुदायको उपयोग गरेको	वृद्धि गर्न सहयोग पुगेको ● विद्यालयबाट हुने योगदानप्रति समुदाय सचेतना बढेको
स्थानीय, जिल्ला, प्रदेश र राष्ट्रिय स्तरमा रहेका प्रधानाध्यापक/शिक्षकका सञ्जालमा अर्थपूर्ण सहभागिता	● विद्यालयको लक्ष्य र पेसागत विकाससँग सम्बन्धित सञ्जालमा हुने आबद्धताबाट विद्यालयको प्रभावकारिता वृद्धि हुनेमा जानकार रहेको र सम्पर्क स्थापना भएको	● विद्यालयको प्रभावकारिता वृद्धि र विद्यार्थी सिकाइ गुणस्तर अभिवृद्धिमा केन्द्रित सञ्जालमा प्रधानाध्यापक र शिक्षकको आबद्धता रहेको ● विद्यालयको प्रभावकारिता र पेसागत विकासमा केन्द्रित सञ्जालमा सहभागी हुन शिक्षकलाई प्रोत्साहन गरेको	● सञ्जालमा हुने छलफल बैठक एवम् अन्य कार्यक्रमबाट पेसागत फाइदा पुगेको र सञ्जालमा सकारात्मक योगदान गरेको ● सञ्जालबाट भएको सिकाइ विद्यालयमा स्थापित भएको	● प्रधानाध्यापक र शिक्षक विद्यमान सञ्जालहरूको विकासमा सहयोग र सक्रिय योगदानकर्ता बनेका ● सञ्जालका माध्यमबाट भएको सिकाइले विद्यालयको प्रभावकारी वृद्धि गर्न योगदान गरेको
शिक्षा क्षेत्रमा संलग्न सरकारी र गैरसरकारी संस्थासँग सुमधुर सम्बन्ध निर्माण तथा विस्तार	● विद्यार्थीको सिकाइ प्रवर्द्धनमा विद्यालयलाई सहयोग गर्न सक्ने गैरसरकारी सङ्घसंस्था र सम्पर्क व्यक्तिको जानकार रहेको ● सहयोग प्राप्त गर्ने विधि प्रक्रियाको बुझेको	● विद्यालयको हितका लागि स्थानीय संस्थासँग सम्बन्ध निर्माण गर्न सक्षम भएको ● समुदाय एवम् सङ्घ संस्थाका विज्ञ एवम् विभिन्न क्षेत्रका अनुभवी व्यक्तिलाई विद्यालयमा आमन्त्रण गरी सहजीकरण गर्न	● सङ्घसंस्थाले आयोजना गरेका कार्यक्रममा प्रधानाध्यापक, शिक्षक र विद्यार्थीको सहभागिता गराउने गरेको ● सिकाइ लक्षित कार्यक्रममा सङ्घसंस्थाका पदाधिकारीको	● सङ्घसंस्थासँगको सम्बन्ध एवम् सहकार्यले स्रोत र अवसरमा पहुँच पुऱ्याउन विद्यालयलाई मदत पुगेको ● विद्यालयलाई प्राप्त सहयोगको प्रभाव विद्यार्थीको सिकाइमा देखिएको

सक्षमताका क्षेत्र तथा मापदण्ड	तहगत अवस्था			
	तह १ : आधारभूत जानकारी भएको	तह 2 : बुझाइ र अभ्यास विकास हुँदै गरेको	तह 3 : उन्नत तहको अभ्यास गर्दै गरेको	तह ४ : उच्चतम दक्षता प्रदर्शन गरेको
		लगाउने प्रचलन स्थापित गरेको	सहभागिता र विद्यालयसँग सम्बन्ध स्थापित भएको	• स्थानीय सरकार र गैरसरकारी संस्थालाई विद्यालयको मूल्यवान् योगदान पुगेको
क्षेत्र ६ : परिवर्तन र नवप्रवर्तनको नेतृत्व				
परिवर्तन र नवप्रवर्तनका लागि प्रमाणमा आधारित कार्यक्रम तय गर्न र परिवर्तनको मूल्याङ्कन गर्न शिक्षकलाई सहायता	• उपलब्ध तथ्यका आधारमा परिवर्तन माग गर्ने समस्या क्षेत्रबारे जानकार रहेको • परिवर्तन र नवप्रवर्तनको कार्यान्वयनका लागि जोखिम लिन र शिक्षकसँग छलफलमा तत्परता देखाएको • परिवर्तन कार्यान्वयनका क्रममा शिक्षकलाई कसरी सहायता गर्न सकिन्छ भन्ने सम्बन्धमा जानकार रहेको । • परिवर्तनका निमित्त सुरु गरिएका कार्यक्रमको मूल्याङ्कनका तरिकाका सम्बन्धमा जानकार रहेको	• शिक्षकलाई परिवर्तनप्रति तत्पर बनाउन र कक्षाकोठामा नयाँ विधिको उपयोग गर्न सघाउने गरी विद्यालय संस्कृतिमा अनुकूलन गर्न सक्षम रहेको । • परिवर्तनका कारणको सञ्चार र शिक्षकका चासोको सम्बोधनमा तत्परता प्रदर्शन गरेको • परिवर्तनको मूल्याङ्कन विद्यालयको नियमित कार्यको रूपमा रहेको	• शिक्षकबाट कक्षाकोठामा सुरु गरिएका परिवर्तनलाई छलफलको विषय बनाई समूहमा समीक्षा गर्ने गरेको • शिक्षकबाट प्राप्त पृष्ठपोषणको स्वागत र निर्णयका क्रममा उपयोग गर्ने गरेको • विद्यालयको परिवर्तनसम्बन्धी योजनामा मूल्याङ्कनबाट प्राप्त सूचनाको उपयोग गर्ने गरेको	• विद्यालयमा परिवर्तनको कार्यान्वयन, मूल्याङ्कन र अभिलेखनको संस्कृति रहेको, प्रधानाध्यापक सँगसँगै अन्य शिक्षकबाट परिवर्तनको नेतृत्व हुने गरेको • शिक्षक परिवर्तनका सम्बन्धमा वर्णन गर्न र विद्यालय बाहिरकालाई पनि परिवर्तनको औचित्य बताउन सक्षम रहेको • उनीहरूले परिवर्तनका लागि सहायता प्राप्त गरेको महसुस र सोका लागि अन्य सहकर्मीलाई पनि सहायता गर्न तत्परता प्रदर्शन गर्ने गरेका

सक्षमताका क्षेत्र तथा मापदण्ड	तहगत अवस्था			
	तह १ : आधारभूत जानकारी भएको	**तह 2 : बुझाइ र अभ्यास विकास हुँदै गरेको**	**तह 3 : उन्नत तहको अभ्यास गर्दै गरेको**	**तह ४ : उच्चतम दक्षता प्रदर्शन गरेको**
प्रभावकारी परिवर्तन र नवप्रवर्तनको मान्यता र प्रोत्साहन	• विद्यालयमा कुन कुन क्षेत्रमा नवप्रवर्तनको सुरुवात भएको छ भन्ने कुरामा जानकार रही नवप्रवर्तनात्मक शिक्षणलाई सार्वजनिक रूपमा मान्यता र प्रोत्साहन गर्ने गरेको	• शिक्षकले उनीहरूको शिक्षणमा नयाँ विधि अपनाउन सुरक्षित महसुस गर्ने खालको विद्यालय संस्कृति विकास गरेको • कुनै काम बिग्रँदा वा अपेक्षाबमोजिम काम नहुँदा पनि त्यसबाट सिकिएका पाठबारे छलफल गर्ने गरेको	• विद्यालय संस्कृतिले शिक्षकलाई उनीहरूको गल्तीबाट सिक्न प्रोत्साहन गर्ने गरेको • शिक्षकलाई उनीहरूका विचार भविष्यमा कसरी परिष्करण गर्न सकिन्छ भनेर सोचविचार गर्न प्रोत्साहन गर्ने गरेको	• परिवर्तनका लागि शिक्षकबिच सहकार्य र सहायताको संस्कृति स्थापना भएको • विद्यालयमा नवप्रवर्तन र मूल्याङ्कनको चक्र कार्यान्वयनमा ल्याएको • नवप्रवर्तनात्मक शिक्षणको अवलोकन गरी नवप्रवर्तनात्मक अभ्यास विद्यालयभर विस्तार गर्ने गरेको
परिवर्तन र नवप्रवर्तनका सहयोगी र बाधक तत्त्वको मूल्याङ्कन गरी उपयुक्त रणनीति निर्माण र कार्यान्वयन	• परिवर्तनको व्यवस्थापनमा सहयोगी र बाधक तत्त्व पहिचान गरी जोखिमको मूल्याङ्कन कसरी गर्ने भन्ने सम्बन्धमा जानकार रहेको • थप पेसागत विकासका लागि ‘‘गल्तीहरू’’ को कसरी उपयोग गर्ने भन्ने सम्बन्धमा जानकार रहेको ।	• परिवर्तनको सहयोगी तत्त्वलाई थप सशक्त बनाउँदै बाधक तत्त्वलाई सामना गर्न उपयुक्त रणनीति विकास गर्न सक्षम रहेको • ‘‘गल्ती’’ वा ‘‘विफलता" लाई हिनताबोधको विषय भन्दा पनि महत्त्वपूर्ण सिकाइ अनुभव हुन् भन्ने बुझाइ विकास गरेको	• शिक्षण तथा सिकाइका नयाँ विचार र तरिका अभिभावक र अन्य सरोकारवालालाई सञ्चार गरी थप परिवर्तनका लागि उनीहरूको सहयोग जुटाउने गरेको • परिवर्तनको योजना गर्दा शिक्षकलाई नेतृत्व लिन प्रोत्साहन गर्ने गरेको	• विद्यालयको परिवर्तनसम्बन्धी क्षमतालाई सुदृढ बनाउनका लागि सबै पृष्ठपोषणको उपयोग र सोहीबमोजिम अनुकूलन गर्ने गरेको • बाधक तत्त्वको विश्लेषणबाट त्यसलाई सामना वा सहयोगी तत्त्वका रूपमा रूपान्तरण गर्ने

सक्षमताका क्षेत्र तथा मापदण्ड	तहगत अवस्था			
	तह १ : आधारभूत जानकारी भएको	**तह 2 : बुझाइ र अभ्यास विकास हुँदै गरेको**	**तह 3 : उन्नत तहको अभ्यास गर्दै गरेको**	**तह ४ : उच्चतम दक्षता प्रदर्शन गरेको**
				उपाय अवलम्बन गर्ने गरेको
प्रभावकारी परिवर्तन र नवप्रवर्तनका अभ्यासलाई संस्थागत गर्न सहजीकरण	• शिक्षक र विद्यार्थी परिवर्तनसँग डराउन सक्छन् भन्ने सम्बन्धमा जानकार रहेको • ती डरको कसरी सम्बोधन गर्ने भन्ने स्पष्ट बुझाइमार्फत परिवर्तनका लागि शिक्षकलाई आवश्यक सहायता प्रदान गर्ने गरेको	• परिवर्तन सावधानीपूर्वक, संवेदनशील रूपमा र एकपछि अर्को गर्दै सुरुआत गर्नुपर्छ भन्ने र हरेक तहमा परिवर्तनका सम्भाव्य प्रभावलाई सम्बोधन गर्नुपर्छ भन्ने बुझाइ विकास गरेको	• शिक्षकले परिवर्तनसँग डराउनुनपर्ने भन्ने बुझेका र यसको कार्यान्वयनका लागि सहायता प्राप्त गर्ने सम्बन्धमा विश्वस्त रहेको • शिक्षक पुराना अभ्यासको संरक्षणको पैरवीकर्ताका रूपमा सीमित नरही नयाँ विचारप्रति खुला, उदार तथा उपयोगका लागि तत्पर रहेको	• शिक्षकसँग परिवर्तन र नवप्रवर्तनका सम्बन्धमा खुल्ला समीक्षा र अभिलेखन हुने गरेको • प्रभावकारी परिवर्तनको प्रवर्धन गर्न र कम प्रभावकारी परिवर्तन रूपान्तरण गर्न वा फेर्न सहभागितामूलक मूल्याङ्कनलाई संस्थागत गरिएको
अनिश्चित र अस्पष्ट एवम् विपदको अवस्थामा तत्काल र प्रभावकारी प्रतिकार्यको नेतृत्व	• विभिन्न उद्देश्यका लागि उपयुक्त विविध नेतृत्व शैली रहेको कुरामा जानकार रहेको • कठिन परिस्थितिमा सहयोगका लागि कहाँ जाने भन्ने सम्बन्धमा जानकार रहेको • सिकाइ निरन्तरतरताको आवश्यकता बोध गरेको।	• चुनौती सामना गर्न शिक्षक र अन्य सरोकारवालालाई आत्मविश्वास प्रदान गर्ने गरेको • कठिनतम परिस्थितिमा समेत सिकाइलाई निरन्तरता दिन उपलब्ध विकल्प र तिनको सान्दर्भिकता बारे शिक्षकसँग छलफल गर्ने गरेको	• अरूलाई पछाडि नछोड्ने गरी परिवर्तन र चुनौतीको नेतृत्व लिने गरेको • कठिन परिस्थितिमा पनि एकअर्कालाई सहायता गर्न सक्षम बनाउनका लागि शिक्षकमा तत्परता र आत्मविश्वास विकास गरेको	• विद्यालयको परिस्थितिअनुरूप समस्या र आवश्यकतालाई उपयुक्त रूपमा सम्बोधन गर्न नेतृत्व शैली र रणनीति अनुकूलन गर्न दक्षता प्रदर्शन गरेको

सक्षमताका क्षेत्र तथा मापदण्ड	तहगत अवस्था			
	तह १ : आधारभूत जानकारी भएको	तह 2 : बुझाइ र अभ्यास विकास हुँदै गरेको	तह 3 : उन्नत तहको अभ्यास गर्दै गरेको	तह ४ : उच्चतम दक्षता प्रदर्शन गरेको
शिक्षण सिकाइ सुधारका लागि विद्यालयमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी पूर्वाधार स्थापना	• सूचना प्रविधिसम्बन्धी उपयोगी स्रोत कहाँ उपलब्ध छन् र शिक्षण सिकाइमा सहयोग पुऱ्याउनका लागि तिनको कसरी प्रयोग गर्न सकिन्छ भन्ने सम्बन्धमा जानकार रहेको	• सूचना प्रविधिले सिकाइमा सहायता र सहजीकरण गर्न सक्ने तरिकाको बुझाइ विकास गरेको • सूचना प्रविधिका विकासका लागि वैकल्पिक स्रोतको खोजी गर्ने गरेको • विद्यालयमा सबै शिक्षक स्टाफमा सूचना प्रविधि सिपहरूको विकासका कार्यक्रम सञ्लान गरेको	• प्रविधिको प्रयोगका नयाँ तरिकाहरूको सक्रिय रूपमा खोजी र विद्यालयभन्दा बाहिर (जस्तैः अन्य विद्यालय, समुदायका सदस्य) बाट सहायता परिचालन गर्ने गरेको • पुरै विद्यालयमा र सबै विषयका शिक्षणमा सूचना प्रविधि एउटा साधनको रूपमा प्रयोग गर्ने गरेको	• विद्यालयका लागि किफायती र यथार्थपरक नयाँ प्रविधिहरूको खोजी गर्ने गरेको • प्रविधिको प्रयोगका सम्बन्धमा शिक्षकलाई सहायता र उनीहरूका लागि पेसागत विकासका अवसरको विस्तार गर्न प्रयत्नशील रहेको
क्षेत्र ७ : व्यक्तिगत गुण तथा सामाजिक र अन्तरवैयक्तिक सिपको विकास				
उच्च नैतिक चरित्र र समाजमा अनुकरणयोग्य आचरणको प्रदर्शन	• निष्ठापूर्ण व्यवहार र आपसी विश्वासको महत्त्वका बारेमा जानकार रहेको • विश्वास निर्माणका तरिकारका सम्बन्धमा जानकार रहेको • शिक्षकका आचारसंहिताका बारेमा जानकार रहेको	• आपसी विश्वासका आधारमा सम्बन्ध निर्माण गरेको • आपसी विश्वासमा आधारित रही विद्यालयमा सहयोग र सहकार्यको वातावरण निर्माण गरेको • शिक्षक, विद्यार्थी, अभिभभावक र समुदायप्रति सम्मानित व्यवहार गर्ने गरेको	• शिक्षकलाई उनीहरूको व्यवहार अनुकरणयोग्य बनाउन र अन्तरवैयक्तिक सिप विकास गर्न मदत गरेको • समुदायले प्रधानाध्यापकमा उदाहरणीय व्यवहार देखेकाे	• प्रधानाध्यापकप्रति विद्यालय र समुदायका सबैबाट सम्मान रहेको • कठिन अवस्थाहरूको सामना गर्न सक्षम बनाउनका लागि शिक्षकलाई अन्तरवैयक्तिक सिपहरूमा कोचिङ प्रदान गरेको

सक्षमताका क्षेत्र तथा मापदण्ड	तहगत अवस्था			
	तह १ : आधारभूत जानकारी भएको	तह 2 : बुझाइ र अभ्यास विकास हुँदै गरेको	तह 3 : उन्नत तहको अभ्यास गर्दै गरेको	तह ४ : उच्चतम दक्षता प्रदर्शन गरेको
अरुका विचारप्रति खुला रही सामूहिक विचार निर्माण	• सञ्चारका आधारभुत सीप (अरूले बुझ्ने गरी बोल्ने,पालो पर्खिएर बोल्ने, अरूका कुरा धैयर्तापूर्व सुन्ने) भएको • विभिन्न दृष्टिकोणले निर्णय प्रक्रियामा कसरी योगदान गरेका छन् भन्ने कुराका सम्बन्धमा जानकार रहेको	• निर्णयको प्रक्रियामा सबै शिक्षकलाई कुरालाई ध्यान दिइएको कुरा सुनिश्चित गरेको • सबैका विचार सुनिने तर सबै विचार सधैं लिइँदैनन् भन्ने कुरामा स्पष्टता रहेको • प्रजातान्त्रिक नेतृत्व भनेको सामूहिक निर्णय गर्ने अवस्था हो भन्ने कुराको बुझाइ रहेको	• निर्णयका कारणमा स्पष्टता रहेको • निर्णयमा कसरी पुगिन्छ भन्ने कुराको शिक्षकमा बुझाइ रहेको • शिक्षक र विद्यार्थीले उनीहरूका विचार कार्यान्वयन भएको महसुस गरेका	• शिक्षक र विद्यार्थीले उनीहरूका दृष्टिकोणले निर्णय प्रक्रियामा प्रभाव पारेको महसुस गरेका • शिक्षकले प्रधानाध्यापकलाई सम्मानपूर्वक र सकारात्मक तरिकाले निर्धक्क जिज्ञासा राख्ने गरेका • निर्णय प्रक्रियामा कुनै एक व्यक्ति वा समूहमात्र हावी नहुने सुनिश्चितता गरेको
स्थानीय भाषा संस्कृतिप्रति सम्मानजन्य व्यवहार तथा सञ्चार सिप प्रदर्शन	• उद्देश्यअनुरूपको भाषामा सञ्चार गर्न आवश्यक रहेको कुरामा जानकार रहेको	• भाषागत क्षमतामा सुधार भएको • मानिस विद्यालय गतिविधिका सम्बन्धमा अद्यावधिक भएका कारणबाट विद्यालय सहज रूपमा सञ्चालन भएको	• विविध भाषामा सञ्चार र धेरै आवश्यक पर्ने भाषामा दक्ष रहेको • राम्रो जानकारी र प्राप्त तालिमका कारणले विद्यालय व्यवस्थापन समितिको प्रभाव सकारात्मक रहेको	• शिक्षक, विद्यार्थी र अभिभावक आफूसँग सम्बन्धित मुद्दामा एकदमै परिचित रहेका र प्रधानाध्यापकले विद्यालयको कार्यलाई उपयुक्त बनाउने गरी विद्यालय व्यवस्थापन समितिको भूमिका विकास गरेको • भाषाको दक्षता र राम्रो सञ्चार

सक्षमताका क्षेत्र तथा मापदण्ड	तहगत अवस्था			
	तह १ : आधारभूत जानकारी भएको	**तह 2 : बुझाइ र अभ्यास विकास हुँदै गरेको**	**तह 3 : उन्नत तहको अभ्यास गर्दै गरेको**	**तह ४ : उच्चतम दक्षता प्रदर्शन गरेको**
				सिपले सम्बन्ध र विद्यालय वातावरणको अभिवृद्धि भएको
सूचना तथा सञ्चार प्रविधिसम्बन्धी ज्ञान तथा सिपयुक्त	• विद्यालयको प्रशासनिक कार्यमा प्रयोग गर्न सकिने सूचना प्रविधिसम्बन्धी ज्ञान रहेको • प्रभावकारी योजना निर्माण र मूल्याङ्कनका लागि शिक्षकहरूलाई आवश्यक पर्ने सूचना र प्रविधिका बारेमा जानकार रहेको • विद्यालयको आवश्यकताबमोजिम कुन कुन सिस्टम र सफ्टवेयर उपयुक्त हुन्छ र सहायताका लागि कहाँ जाने भन्ने कुरामा जानकार रहेको	• कक्षामा सकारात्मक प्रभाव पार्ने गरी सूचना प्रविधिका कुन कुन क्षेत्रमा शिक्षकले विकास गर्न सक्छन् भन्ने कुरा जानेर सहायता गर्न सक्षम रहेको • उपयुक्त सिस्टम र सफ्टवेयरका बारेमा पूर्ण जानकार रहेको • अनुगमनका नतिजाको अभिलेखीकरणका लागि सूचना प्रविधिमा आधारित प्रणालीको उपयोग गरेको	• विद्यार्थीहरूको प्रगतिको ट्र्याक गर्न सूचना प्रविधिको उपयोग गरेको • शिक्षकहरूको सुधारका योजना र मूल्याङ्कन अभिलेखीकरणका लागि सूचना प्रविधिको प्रयोग गरेको • मानव स्रोतसम्बन्धी उद्देश्य (जस्तैः शिक्षकको तालिमको अभिलेख) का लागि सूचना प्रविधिको उपयोग गरेको	• शिक्षकको हाजिरीका लागि सूचना प्रविधिको प्रयोग गरेको • विद्यालयको सूचना प्रविधिमार्फतको ट्र्याकिङ सिस्टमले विद्यार्थीको प्रगतिको अभिलेख दुरुस्त रहेको • अनुगमन नतिजाको विश्लेषण र मूल्याङ्कनका लागि सूचना प्रविधिको उपयोग गरेको